## कार्यक्रम साराशं

**शीर्षक:** प्यारालिगल समितिको क्षमता अभिवृद्धिमार्फत महिला सशक्तिकरण र अधिकारको सम्वर्द्धन ।

| युके/बेलायतले कस्तो सहयोग प्रदान गर्ने छ ? |
| --- |
| सन् २०१० देखि नै बेलायतले नेपालभरि प्यारालिगल समिति गठन गर्ने काममा सहयोग गरिरहेकोछ । शुरुमा यी समितिहरु महिला बेचबिखनलाई सम्बोधन गर्नका लागि गठन गरिएका थिए । तर हाल आएर यी समितिहरु महिला र बालबालिकाहरुले भोग्ने विभिन्न प्रकारका अधिकार हनन्का घटनाहरुलाई रोकथाम गर्ने र सम्बोधन गर्ने समुदायमा आधारित संयन्त्रका रुपमा विकासित भएकाछन् । यी समितिहरुले प्रायजसो सम्बोधन गर्ने केही मुद्दाहरुमा घरेलु हिंसा, यौन दुर्व्यवहार, मानव बेचबिखन बलात्कार, बालविवाह, बोक्सी प्रथा, जायजेथासम्बन्धी झगडा र बहुविवाह आदि पर्दछन् ।<br><br>कार्यक्रमले चार मुख्य क्षेत्रमा काम गर्दछ:<br>१. सचेतना/न्यायिक सशक्तिकरण: महिला र बालबालिकाले आफ्ना अधिकार बारे सचेत भएको सुनिश्चित गर्ने<br>२. घटनाहरुलाई प्रारम्भीक चरणमा पत्ता लगाउने र पीडितलाई संरक्षण प्रदान गर्ने: तत्काल हिंसाका जोखिममा रहेका व्यक्ति पत्ता लगाई उनीहरुलाई संरक्षण प्रदान गर्ने कामलाई सहयोग गर्ने<br>३. समस्या समाधान गर्ने र रेफर गर्ने: औपचारिक न्याय प्रणाली र सामाजिक सेवा जस्ता औपचारिक वा अनौपचारिक सेवा प्रदायक कहाँ रेफर गर्नु पर्ने केस/घटनाहरुलाई पहिचान गरी सहयोग गर्ने<br>४. अनुगमन, रिर्पोटिङ्ग र फलोअप गर्ने: हिंसाका घटनाहरुको अभिलेख राख्ने र पीडितहरुलाई घटना भइसकेपछि चाहिने सहायता प्रदान गर्ने<br><br>यस कार्यक्रम यनिसेफलाई प्रदान गरिएको पाउण्ड स्टर्लिङ्ग ६५ लाख १० हजारमार्फत कार्यान्वयन गरिएको थियो । कार्यक्रम सन् २०१२ को अगस्त महिनामा समापन हुने तय भएको भए तापनि सोहि वर्षमा भएको वार्षिक समीक्षाको आधारमा सन् २०१३ अगस्त महिनासम्मका लागि कोष थप नगर्ने गरी समय थप गरिएको थियो । यस थप गरिएको अवधिमा कार्यक्रमलाई मुलुकभरि विस्तार गरिनेछ र नेपाल सरकारको महिला विकास कार्यक्रमसँग समायोजन गरिनेछ । यस कार्यलाई युनिसेफको प्राविधिक सहयोगमा महिला विभाग, र महिला, बालबालिका र समाज कल्याण मन्त्रालयले |

नेतृत्वदायी भूमिका खेल्नेछन् । कार्यक्रमलाई नयाँ नाम प्रदान गरी संस्थागत गरिनेछः लैङ्गिक हिंसा निवारणका लागि महिला संस्थाहरुको एकीकृत विकास कार्यक्रम ।

**बेलायतको सहयोग किन आवश्यक छ ?**

महिला सशक्तिकरण र महिला र किशोरीहरु बिरुद्ध हुने हिंसालाई रोकथाम गर्ने कार्य नेपालको एउटा मुख्य मुद्दा हो, साथै बेलायतका लागि उच्च प्राथमिकताको क्षेत्र रहेको छ । निम्न निर्दिष्ट सवालहरुलाई सम्बोधन गर्नका लागि बेलायतको सहयोग आवश्यक छः

महिला र बालबालिकाबिरुद्ध हुने हिंसाको दर उच्च छः तथ्याङ्क र प्रमाणहरुले के संकेत गर्दछन् भने महिला र बालबालिका घरपरिवार, विद्यालय र समुदायमा हुने शारीरिक र मनोवैज्ञानिक हिंसाबाट नियमित रुपमा पीडित हुने गर्दछन् । जस्तो किः

- मध्य र सुदूरपश्चिम क्षेत्रका दुईदेखि चारवर्षका ८३ प्रतिशत बालबालिकाहरु माथि हिंसात्मक अनुशासन लादिन्छन् । (युनीसेफ २०१०)
- काठमाण्डौं उपत्यकामा मात्र ११,००० किशोरीहरु व्यवसायिक यौन शोषण हुने कार्यमा वा यौनकर्ममा संलग्न छन् (टेरेडेजजोम, २०१०),
- १५ वर्षको उमेर पछि करिब ३४ प्रतिशत महिलाले कुनै न कुनै बेला शारीरिक हिंसा अनुभव गरेकाछन् वा सोबाट पीडित भएकाछन् (जनसाङ्ख्यिकी स्वास्थ्य सर्वेक्षण, २०११)

महिला तथा बालबालिकाबिरुद्ध हुने गम्भीर हिंसाका घटनाहरुका वाबजुत पनि ती घटनाहरु सम्भवत कमै बाहिर आउने गर्दछन् ।

हिंसाका अन्तनिहीत कारक तत्वहरुः महिला तथा बालबालिकाबिरुद्ध हुने हिंसाको अर्न्तनिहीत कारक तत्व भनेको लैङ्गिक असमानता हो । यसलाई गरिबी, सचेतनाको अभाव, पितृसतात्मक मनोवृति र मौनताको संस्कृति, दण्डहिनता र कानुनी सहयताको अभाव जस्ता कुराहरुले मलजल गरेकाछन् । बोक्सी प्रथाप्रतिको विश्वास, छाउपडी (महिनावारी र सुत्केरी अवस्थामा महिलालाई अलग्याएर राख्ने प्रथा) र देउकी (मन्दिरका लागि किशोरीलाई खरिद गरी अर्पण गरिने प्रथा, जहाँबाट उनीहरु प्राय जसो यौनकर्मीमा परिणत हुन्छन्) जस्ता हानिकारक अभ्यास वा प्रथाहरुले महिला तथा बालबालिकालाई विभिन्न प्रकारका

जोखिममा पार्दछन् वा त्यसको मुखमा पुर्‍याउदछन् । न्यायको पहुँचमा कठिनाइ, पीडितलाई सहयोगको अभाव र पर्याप्त सामाजिक सेवाको अभावहरुले (न्यायिक, स्वास्थ्यसम्बन्धी र मनोसामाजिक सेवाहरु) महिला तथा बालबालिकाका लागि अवस्था अझ खराब बनाइदिन्छ ।

**अपेक्षित नतिजा के हुन् ?**

यस कार्यक्रमको समग्र उद्देश्य भनेको महिला तथा बालबालिका बिरुद्ध हुने हिंसा, दूर्व्यवहार, शोषण र विभेद रोकथाम गर्न र सम्बोधन गर्न प्यारालिगल समितिहरुलाई सहयोग गर्नु हो । कार्यक्रमले नेपालको सहस्राब्दि विकास लक्ष्य प्राप्त गर्नका लागि सम्बन्धित हरेक क्षेत्रमा रुपमा योगदान दिनेछ ।

निम्न नतिजाहरु अपेक्षा गरिएकाछन्:

- १९,५०० प्यारालिगल समिति सदस्यहरु (जसमा ९५ प्रतिशत महिला हुनेछन्) र ८५० जिल्ला स्रोत समुह  सदस्यहरुलाई अधिकार र सशक्तिकरणमा तालिम प्रदान गरिनेछ जसले नेपालको ७५ वटै जिल्लामा कार्यकर्ता वा अभियन्ताका रुपमा काम गर्नेछन् ।
- ३९,००० महिला र उनीहरुको परिवारका (करिब ४२,०००) घटनालाई प्यारालिगल समितिले सम्बोधन गर्नेछ ।
- १३०० गाविसका ८५ लाख मानिस (नेपालको जनसंख्याको ३२.५ प्रतिशत) को प्यारालिगल समितिमा पहुँच हुनेछ वा उनीहरु प्यारालिगल समितिको पहुँच वा दायरामा आउनेछन् । यसमध्ये ६० लाख महिला तथा बालबालिका हुनेछन्
- कार्यगत वा संचालनमा रहेका संरक्षण पद्धति भएको जिल्लाको संख्या २३ बाट नेपालका सबै जिल्ला अथवा ७५ पुग्नेछ ।
- सन् २०१२ सम्ममा लैङ्गिक हिंसाबाट पीडित महिलाको संख्या आधा बनाइनेछ ।
- सन् २०१२ सम्ममा स्थानीय वा राष्ट्रिय सरकारी निकायमा निर्वाचित हुने प्यारालिगल समितिका सदस्य संख्याको प्रतिशत २३ बाट ७५ मा पुर्‍याइनेछ ।

सन् २०१२ को जनवरीमा हुने वार्षिक समीक्षामा निम्न प्रतिफलहरुमा सहमत भइएको थियो :

सन् २०१३ का लागि अपेक्षित नतिजाका लागि निम्न प्रतिफल सूचक तय गरिएको थियो:

- १५६ (७५ जिल्लामा) प्यारालिगल समितिहरु नेपाल सरकारको महिला विकास कार्यक्रममा पूर्ण रुपमा समायोजन गरिएको हुने
- २५० जिल्ला महिला र बालबालिका कार्यालयका कर्मचारीहरुलाई महिला तथा बालबालिकाको संरक्षणको आधारभूत अवधारणा बारे तालिम दिइएको हुने
- ८०० मुख्य सेवा प्रदायक (जस्तो कि सरकारी वकिल, प्रहरी अधिकृत, न्यायाधीस, प्रमुख जिल्ला अधिकारी) ले बालबालिका तथा लैङ्गिक रुपमा सम्वेदनशील अनुसन्धान र अदालती प्रक्रिया बारे तालिम लिएको हुने
- सबैजिल्लाहरुमा जिल्ला न्यायिक सहायता समिति स्थापित र सुदृढ भएको र राष्ट्रिय लैङ्गिक हिंसाविरुद्धको अनुगमन पछाडि स्थापना भएको
- १२४६ लैङ्गिक हिंसा पहरेदारी समूह  गठन भई सचेतनासम्बन्धी गतिविधि संचालन गरिरहेको हुने, २३४० लैङ्गिक हिंसा पहरेदारी समूह र महिला संघका अगुवाहरुले संरक्षण बारे तालिम प्राप्त गरेको
- लैङ्गिक हिंसा निगरानी समूह र संघका लागि विस्तृत प्रकारका तालिम स्रोतहरु उत्पादन गरी सोको प्रयोग भएको हुने
- ३० बालबालिका अधिकृतलाई बालबालिका संरक्षण सवालहरुमा तालिम दिइएको हुने